नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।

फोन नं.: ०१-४२००५११

४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-३/०७६/७७ मिति :- २०७६/११/१५

च.नं. :- ३३१

श्री स्थानीय तह (सबै) ।

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. १७९ प.स. ०७६/७७ मिति २०७६/११/१२ को विपन्न लक्षित छात्रवृत्तिको लागि आवेदन फारम भर्ने भराउने सुचना सम्प्रेषण सम्बन्धको प्राप्त पत्र र विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/११/१४

(राजकुमार वोहरा)

शाखा अधिकृत

**वोधार्थ :**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

श्री शिक्षा शाखा

प्राप्त सूचना यस गा.पा. को website मा upload गरी सबै वडा कार्यालय र विद्यालयहरुमा जानकारीका लागि सूचना सम्प्रेषण गर्ने।

११।१५

श्री छथर गाउँकार्यपालिकाको कार्यालय, तेह्रथुम

दर्ता नं. १३६७

मिति : २०७६/११/१५

दर्ता ५६० ११।१६

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

योजना तथा बजेट शाखा

फोन नं.

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:- ९७३

मिति : २०७६।११।१२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

विषय : सूचना सम्प्रेषण सम्बन्धमा ।

प्रस्तुत विषयमा विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको च.न. ६३ मिति २०७६।११।०६ को प्राप्त पत्रबाट विपन्न लक्षित छात्रवृत्तिको लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धमा स्थानीय तहहरुलाई जानकारी गराई विद्यालयहरुलाई सहजीकरण गर्न अनुरोध भइ आएकोले तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुलाई सूचना सम्प्रेषण (Website मा Upload समेत गरी) गरी दिनु हुन यस मन्त्रालयको मिति २०७६।११।१२ को निर्णय (सचिवस्तरीय) अनुसार अनुरोध छ । विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ ।

(गोपालनारायण श्रेष्ठ)
शाखा अधिकृत

११।१४

# विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति
## Student Financial Assistance Fund Development Board (SFAFDB)

सानोठिमी, भक्तपुर?? 

चलानी नं. ६७
चलानी मिति: २०७६।११।०६

मिति २०७६।११।०६

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ

दा. २२२६
११।११

**विषय: विपन्न लक्षित फाराम भर्ने भराउने सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिले विद्यार्थीहरूको आवश्यकता पहिचान गरी विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको छ ।सो सम्वन्धमा विद्यालयहरूलाई मिति २०७६।१२।२० गते सम्ममा फाराम भराउने वारेमा स्थानीय तहहरूलाई जानकारी गराइदिनुहुन निर्देशानुसार अनुरोध छ ।

**विपन्न लक्षित छात्रवृत्तिका लागी विद्यालयहरूले गर्नुपर्ने कार्यहरु:**

१. फाराम भराउन योग्य विद्यालयहरू देशभरका कक्षा ८ सम्म वा कक्षा १२ सम्म संचालित सामुदायिक विद्यालयहरु, नियमित रुपमा सरकारी अनुदानप्राप्त परम्परागत विद्यालयहरु गुरुकुल/आश्रम, गुम्बा, मदरसाहरु हुनेछन् ।
२. विपन्न लक्षित छात्रवृत्तिकालागि चाहिने पि.एम.टी एक्सेल (Online Entry का लागि) विद्यालयहरूले **iemis.doe.gov.np** मा जाने, Log in गर्ने, **Export Excels** मा जाने, **PMT Exporting** मा क्लिक गर्ने, सालमा २०७६ छान्ने, कक्षामा ८ र १० राख्ने, अनि Go गर्ने । यति गरेपछि तपाईको **Desktop** मा **PMT** भर्ने **Excel** निस्कन्छ त्यसैमा विवरण भर्ने ।
३. विवरण भर्न सर्वप्रथम फाराम **sfafdb.edu.np** वाट फाराम डाउनलोड गर्ने, फाराममा दिइएको सम्पुर्ण विवरण भरे पश्चात स्थानीय तहवाट प्रमाणीत गर्ने (फाराममा उल्लेख गरीएको छ)।
४. अनलाइन प्रविष्टी गर्न सहजताका लागी sfafdb.edu.np मा भएको **youtube video** हेर्नुहोला ।
५. छात्रवृत्तिमा विद्यार्थीहरू छनोट भएमा कक्षा ८ का विद्यार्थीहरूलाई कक्षा ९ र कक्षा १० मा छात्रवृत्ति उपलव्ध गराइनेछ भने कक्षा १० का विद्यार्थीहरूलाई कक्षा ११ र १२ मा पुगेपछी छात्रवृत्ति रकम उपलव्ध गराइने छ ।
६. विद्यार्थीहरूलाई छात्रवृत्ति वापत कक्षा ९ र १० कालागि प्रति कक्षा प्रति विद्यार्थी बार्षिक रु ६,०००। र कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरतका बार्षिक रु २४,०००। विज्ञान बाहेक अन्य विषयमा कक्षा ११ र १२ का लागि बार्षिक रु १८,००० । विद्यार्थीको वैंक खातामा निकासा हुनेछ ।
७. छात्रवृत्तिको नतिजा २०७६।१२।२५ गते प्रकाशित गरिनेछ। छनौट नतिजाकालागि विद्यालयहरूले **iemis.doe.gov.np** मा गई आफ्नो **user name** र **password** को प्रयोग गरी **Poverty Report** वाट नतिजा प्राप्त गर्ने ।
८. छात्रवृत्तिको नतिजा प्रकाशन भएपछि छनोट भएका विद्यार्थीहरूलाई कक्षा ९ मा भर्ना हुनासाथ र कक्षा १० वाट आवेदन गर्ने विद्यार्थीहरूले कक्षा ११ मा पुगेपछी (SEE को नतिजा पश्चात) **Poverty Report** मा दिइएको सूचना अनुसार विद्यार्थीहरूलाई पायक पर्ने 'क' वर्गको बैंकमा खाता खोलाउने ।
९. थप जानकारीका लागी मोवाइल वाट **SFA** टाइपगरी ३७००१ मा एस.एम.यस गर्नुहोला ।

श्री योजना तथा अनुगमन महाशाखा

कलावती विष्ट
प्रशासकीय अधिकृत